USAID
FROM THE AMERICAN PEOPLE

बोगटान लगम कर्णाली जलाधार

बोगटान लगम कर्णाली जलाधार क्षेत्रमा ३६ वटा सहायक नदी तथा खोल्साहरु पर्दछन् र यी सबै नदीनालाहरु कर्णाली नदीमा गएर मिसिन्छन् । बोगटान लगमलाई उबड–खाबड जमीन तथा ठाडो डाँडाहरु भएको क्षेत्रको रूपमा चिनिन्छ र यी डाँडाहरुको उचाइ उत्तरदेखि दक्षिणसम्म पुग्दा भिरालो हुँदै गएको छ । कर्णाली नदीको उद्गम स्थल ऐतिहाँसिक रुपमा चीन तिव्वत स्थित राक्षस ताल भनिएता पनि हालै गरिएको एक अध्ययनले तालको उद्गम स्थानिय भाषमामाम्चाखम्बाब भनिने मुलबाट उत्पति भई हिमालयको दक्षिण तर्फको हिमनदीहरु पग्लिएर नेपालको हुम्ला जिल्ला हुँदै नेपाल भित्रिएर यस जलाधार क्षेत्र भएर बहन्छ । यस बोगटान लगम क्षेत्रका प्रमुख प्राकृतिक स्रोतहरूमा वन–जङ्गल, गिट्टी बालुवाका भण्डार र असङ्ख्य मात्रामा रहेका जीवजन्तु तथा रुखविरुवाहरू पर्दछन् । यस जलाधार क्षेत्रमा सडक, सिंचाई र जलविद्युत जस्ता भौतिक पूर्वाधार न्यून मात्रामा रहेको छ ।

संख्यामा बोगटान लगम कर्णाली

नदि क्षेत्र	कर्णाली
जलाधार	बोगटान लगम कर्णाली
प्रदेश	प्रदेश ७ (डोटी) र ६ (सुर्खेत)
कूल जलनिकास क्षेत्र	२०५.६३ वर्ग किलोमिटर
खोलाको संख्या	३६
मुख्य नदीहरू	सेर्रीगाड, बन्दगाड, गुईनाडा खोला, पोगडे खोला, बराल खोला, भातमारे खोला, कुनडागाड, केदारसैन खोला, धामेली खोला
ताल तथा सिमसार क्षेत्र	सुनपाल ताल, लिबुखोला ताल र देबलखोला ताल
जमीन ओगटेको क्षेत्र	वन ८० प्रतिशत, कृषियोग्य जमीन १८ प्रतिशत, नदी तथा खोला २ प्रतिशत, चरण क्षेत्र १ प्रतिशतभन्दा कम
गाउँपालिकाहरू	बडीकेदार र बोगटान (डोटी) र चौकुने (सुर्खेत)
जनसंख्या	१०,७६४ (४९ प्रतिशत पुरुष, ५१ प्रतिशत महिला) (केन्द्रीय तथ्यांक विभाग, २०११)
जातीय समूहहरू	बाहुन/क्षत्री/ठकुरी ६८ प्रतिशत, जनजाती ४ प्रतिशत, दलित २७ प्रतिशत, अन्य १ प्रतिशत

बोगटान लगम कर्णाली जलाधार क्षेत्रका वातावरणीय सवालहरु



पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्शामा राखिएका छन् । यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।

बोगटान लगम कर्णाली जलाधार क्षेत्रको जलिय जैविक विविधतामा देखिएका जोखिमहरू



यस जलीय जैविक विविधता नक्सा विभिन्न सरोकारवालाहरूको सहयोगमा विकास गरिएको हो । यी सरोकारवालाहरूले जलचरको वासास्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरूको पहिचान गर्न तथा स्थानविशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ ।

बोगटान लगम कर्णाली जलाधार

जलधारको संक्षिप्त पार्श्वचित्र

सामुदायिक परिकल्पना:
दिगो कृषि, पर्यापर्यटन तथा सुशासनमार्फत् समावेशी, समतामुलक, समृद्ध तथा जैविक विविधताले भरिपूर्ण जलाधारलाई प्रवर्द्धन गर्ने बोगटान लगम जलाधार क्षेत्र ।

बोगटान लगम कर्णाली जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ । यी सूचकहरूले बोगटान लगम कर्णाली जलाधार क्षेत्रको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

जलाधारको स्वास्थ्य अवस्थाहरु: राम्रो | ठिकै | नराम्रो

सूचक	राम्रो	ठिकै	नराम्रो
सुशासन एवं समानता	लाभको बाँडफांडमा समतामूलक पहुँच	श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता; प्रकृतिक श्रोत द्वन्द व्यवस्थापन; योजना तर्जुमामा सहभागिता; निती नियममा कृयाशीलता; नीतिगत प्रावधानको पालना; स्थानीय निकायहरुबीच समन्वय	महिला, सीमान्तकृत वर्गको निर्णायक पदमा पहुँच
पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना		जलविद्युत; सिंचाई	गिट्टी बालुवा उत्खानन; ग्रामीण सडक
जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण		असल अभ्यास अनुशरण	पुर्व सूचना प्रणालीमा पहुँच; जलवायु जोखिम गम्भीरता
जैविक विविधता र वासस्थान	मिचाहा प्रजाती	घरेलु सरसफाइ; भू उपयोग; माछाको परिमाण; प्रजाति विविधता; माछा मार्ने अभ्यास; फोहोर व्यवस्थापन	
पानी		पानीमा पहुँच; पानीको उपलब्धता; पानीको गुणस्तर	
दिगो कृषिक्षेत्र			माटो व्यवस्थापन

River Basin: Karnali | Watershed Code: 327

बोगटान लगम कर्णाली जलाधारको स्थलगत नक्सा



समस्या	कार्य/सुझाव
सुक्दो पानीका मुहान	• बर्षाको पानी पुनर्भरण र अवशोषणका लागि पोखरी , आकाशे पानीको संकलन तथा प्रयोग र अन्य पानीको बहु–प्रयोगसम्बन्धी प्रविधिजस्ता पानी संरक्षणका उपयाहरुको स्थापना गर्ने, • जलाधार क्षेत्रका लागि जल उपयोग गुरु योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने, प्राकृतिक पानीका मुहानको सुधारिएको जलग्रहण व्यवस्थापन मार्फत् विद्यमान पानीका मुहानको संरक्षण गर्ने, • थोपा तथा फोहोरा सिंचाई, कुहिएका पात–पतिङ्गरलाई रुख–बिरुवाको वरिपरि हाल्ने, जैविक खेती र खडेरी प्रतिरोधी अन्नबाली र वनका प्रजातिहरुको बढ्दो प्रयोग जस्ता जलवायु अनुकुलका जलाधार संरक्षण र कृषि अभ्यासहरुको शुरुवात गर्ने, र • स्थानीय सरकारहरुलाई वातावरणमैत्री सडक निर्माणका निर्देशिका तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्ने ।
विनाशकारी माछा मार्ने अभ्यास	• विनाशकारी माछा मार्ने अभ्यासका असरका बारेमा जनचेतना जगाउने, • स्थानीय नदीहरूमा जलचर संरक्षण ऐन लागू गर्नका लागि सरकारलाई सहयोग गर्ने, र • जलाधार क्षेत्रमा माछा मार्ने अभ्यासलाई अनुगमन तथा नियमन गर्नका लागि सामुदायिक समूहहरुको निर्माण गर्ने ।
पहिरो	• पहिरोको असर न्यूनीकरण गर्ने बायो इन्जिनियरिङ्गका न्यून लागतका प्रविधिहरुमा तालिम प्रदान गर्ने, • वातावरणमैत्री स्थानीय शासन ढाँचा, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना, स्थानीय अनुकूलन कार्ययोजना, र जल उपयोग गुरु योजनाको कार्यान्वयनमा सहयोग गर्ने, र • स्थानीय विकाससँग सम्बन्धित निकायहरूसँग वातावरणमैत्री निर्माणका लागि पहलकदमी गर्ने ।

कार्यदिशा

बोगटान लगम जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायीलगायत स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ । त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले बोगटान लगम जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागि समाधानउन्मुख र सुधारउन्मुख उपायहरू प्रदान गर्ने छ ।

युएस्‌एड पानी परियोजना